# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बनियानी, झापा

कोशी प्रदेश, नेपाल

पत्र संख्या: २०७९/०८० (रोजगार शाखा)
चलानी नं. २४३३

मिति :- २०८०-०२ -२१

---

श्री वडा कार्यालय सबै

कचनकवल गाउँपालिका

बनियानी,झापा ।

**विषय** :सूचना सम्प्रेषण सम्वन्धमा ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यलय झापाको मिति २०८०।०२।१८ को "वैदेशिक रोजगारीसँग सम्बन्धित ठगीबाट बच्न सचेत रहने सम्बन्धमा जरुरी सूचना" वडा कार्यालयको सूचना पाटी, टोल र वस्तीस्तरका सार्वजनिक स्थलमा टाँस गरी सवैमा जानकारी सम्प्रेषण गरि गराई दिनुहुन अनुरोध छ ।जरुरी सूचना यसै पत्र साथ संलग्न रहेको छ ।

प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ :श्री सूचना प्रविधि शाखा कार्यालयको वेवसाइटमा अवलोड गरिदिनुहुन । प्रमुख प्रशासकीय अधिकृत

www.kachankawalmun.gov.np Phone No. 9852655210
info@kachankawalmun.gov.np kachankawala@gmail.com ito.kachankawalmun@gmail.com

''दिगो सुशासन, पारदर्शी प्रशासन, कृषि, पर्यटन, शिक्षा, स्वस्थ्य र पूर्वाधारको दिगो विकास कचनकवलको अभियान''

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

☎ ०२३-४५२१२५
Email: daojhapa@moha.gov.np
dao.jhapa@gmail.com
Website: daojhapa.moha.gov.np

प.स ०७९/८०
च.न.

स्थानीय प्रशासन

मिति २०८०/०२/१८

## वैदेशिक रोजगारीसँग सम्बन्धित ठगीबाट बच्न सचेत रहने सम्बन्धमा जरुरी सूचना

गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. १८७४, मिति २०८०।०२।१४ को पत्रसाथ प्राप्त नेपाली राजदूतावास, प्रिटोरिया, दक्षिण अफ्रिकाले जारी गरेको सूचनाको सम्बन्धमा यो जरुरी सूचना प्रकाशित गरिएको छ ।

"दक्षिण अफ्रिकामा वैदेशिक रोजगारमा आकर्षक तलब, सुविधा (मासिक नेपाली रुपैयाँ करिब एक लाख वा बढी) सहितको पदमा काम लगाईदिने भनी नक्कली कार्य अनुमति (Work Permit) देखाई विभिन्न प्रलोभनमा पारी मानव बेचबिखन एवं गैरकानूनी आप्रवासनमा संलग्न एजेण्ट/गिरोहले नेपालीहरुबाट लाखौं रकम संकलन गरिरहेको र त्यस्तो रोजगारीका अवसरहरुका सम्बन्धमा सामाजिक सञ्जालहरुमा भ्रमपूर्ण विज्ञापन सम्प्रेषण भएको जानकारी प्राप्त भएको । नेपाली नागरिकहरुलाई वैदेशिक रोजगारमा काम गर्नका लागि अनुमति प्रदान गरिएको भनिएको केही कार्य अनुमति (Work Permit of South Africa) को आधिकारिकताका बारेमा अनुसन्धान गर्दा त्यस्ता कार्य अनुमति दक्षिण अफ्रिकी गृह मन्त्रालयबाट जारी नभएको बुझिएको । दक्षिण अफ्रिकामा रोजगारमा लगाईदिने वा यहाँबाट युरोप, अमेरिकाका मुलुकहरुमा जानको लागि सहज हुने एवं ती देशहरुमा पठाउन सहयोग गर्ने वा यस्तै प्रलोभनमा पारी ठूलो रकम लिई नेपाली नागरिकलाई विदेशमा ल्याई अलपत्र पार्ने गरेको" भन्ने व्यहोराको सूचना प्राप्त हुन आएकोले यस्ता झुठा प्रलोभनमा नपर्न र भ्रमपूर्ण विज्ञापनको पछि नलाग्न एवं यस्ता कार्य गरे गराएको थाहा पाएमा जिल्ला प्रशासन कार्यालय, झापा वा नजिकको प्रहरी कार्यालयमा खबर गर्नुहुन सम्पूर्णमा अनुरोध छ । पुनश्च उल्लिखित विषयहरुको बारेमा थप जानकारी लिनुपरेमा नेपाली राजदूतावास, प्रिटोरिया, दक्षिण अफ्रिकाको ईमेल eonpretoria@mofa.gov.np वा Whatsapp सहितको हटलाईन नम्बर ००२७७६५०९३९४१ मा समेत सम्पर्क गर्न सकिनेछ ।

२०८०/०२/१८
सहायक प्रमुख जिल्ला अधिकारी